आकाशवाणी

02 January 2025

## मुख्य समाचार

PBST

- बितेको १० वर्षमा देशमा रोजगारी सिर्जनामा ३६ प्रतिशतको उल्लेखनीय वृद्धि
- भोलि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन साथै शिलान्यास गर्नु हुने
- बिहार र केरलमा नवनियुक्त राज्यपालहरूको शपथ ग्रहण
- डी गुकेश, मनु भाकर, हरमनप्रीत सिंह र प्रवीण कुमारलाई मेजर ध्यानचन्द खेल रत्न पुरस्कार, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले मोहन बगान र हैदराबादको भिडन्त हुँदै

## अब समाचार विस्तारमा

### रोजगारी सिर्जना

बितेको १० वर्षमा देशमा रोजगारी सिर्जनामा ३६ प्रतिशतको उल्लेखनीय वृद्धि भएको छ। श्रम तथा रोजगार मन्त्रालयका अनुसार सन् २०१४ देखि २०२४ सम्ममा १७ करोडभन्दा धेरै रोजगारी सृजना भएका छन् । पछिल्लो एक वर्षमा देशमा लगभग चार करोड ६० लाख रोजगारी सृजना भएको मन्त्रालयले जनाएको छ । सन् २००४ देखि २०१४ सम्म रोजगारी वृद्धिदर सात प्रतिशत रहेको थियो, जो बढेर सन् २०१४ देखि २०२४ सम्ममा ३६ प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ । तथ्यांकअनुसार मोदी सरकारको कार्यकालमा कृषि क्षेत्रमा १९ प्रतिशत, उत्पादन क्षेत्रमा १५ प्रतिशत र सेवा क्षेत्रमा ३६ प्रतिशतले रोजगारी बढेको छ । मन्त्रालयका अनुसार सन् २०१७-१८ को ६ प्रतिशतबाट २०२३-२४ मा बेरोजगारी दर तीन दशमलव दुई प्रतिशतमा झरेको छ । रोजगारी दर 2017-18 मा 46 दशमलव 8 प्रतिशत थियो, जो बढेर 2023-24 मा 58 दशमलव 2 प्रतिशत पुगेको छ।

स्नातक युवाहरूको रोजगारी २०१३ मा ३३ दशमलव नौ-पाँच प्रतिशत थियो, जो बढेर २०२४ मा ५४ दशमलव आठ-एक प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ । विगत ७ वर्षमा १८ देखि २८ वर्ष उमेर समूहका ४ करोड ७० लाखभन्दा बढी युवाहरू EPFO मा सामेल भएका छन्।

### पीएम-दिल्ली परियोजनाहरू

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ। उहाँले राष्ट्रिय राजधानीको अशोक विहारमा मलिन बस्तीका बासिन्दाका लागि नवनिर्मित लगभग एक हजार सात सय फ्ल्याटको उद्घाटन गर्नुहुनेछ र योग्य लाभार्थीहरूलाई चाबी हस्तान्तरण गर्नु हुनेछ। यी नवनिर्मित फ्ल्याटहरूको उद्घाटनसँगै, दिल्ली विकास प्राधिकरणद्वारा स्व-स्थाने स्लम पुनर्वास परियोजनाको

दोस्रो चरण पूरा हुनेछ।  श्री मोदीले शहरमा दुईवटा सहरी पुनर्विकास परियोजनाको पनि उद्घाटन गर्नु हुनेछ।  द्वारकामा लगभग ३०० करोडको लागतमा निर्माण भएको केन्द्रीय माध्यमिक शिक्षा बोर्डको एकीकृत कार्यालय परिसरको पनि प्रधानमन्त्रीले उद्घाटन गर्नुहुनेछ। उहाँले दिल्ली विश्वविद्यालयमा 600 करोडको लागतमा तीन नयाँ परियोजनाहरूको शिलान्यास पनि गर्नु हुनेछ।

**बिहार-केरल: राज्यपाल शपथ**

बिहारका नवनियुक्त राज्यपाल श्री आरिफ मोहम्मद खानले आज राज्यका ४२औँ राज्यपालको रूपमा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । राजभवन पटनामा आयोजित एक कार्यक्रममा पटना उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति के. विनोद चन्द्रनले उहाँलाई सपथ ग्रहण गराउनु भयो।  यसअघि, श्री आरिफ केरलमा राज्यपाल हुनुहुन्थ्यो। अर्कोतिर, बिहारका पूर्व राज्यपाल श्री राजेन्द्र विश्वनाथ अर्लेकरले आज केरलका २३ औं राज्यपालको रुपमा शपथ ग्रहण गर्नुभयो । राजभवनमा आयोजित एक समारोहमा केरल उच्च न्यायालयका न्यायाधीश न्यायमूर्ति नितिन मधुकर जमधरले उहाँलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो।

**सीतारामन - पूर्व बजेट**

केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा आगामी केन्द्रीय बजेट २०२५-२६ को सन्दर्भमा वित्तीय क्षेत्र र पूँजी बजारका सरोकारवालाहरूसँग सातौं पूर्व-बजेट परामर्श बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय वित्त सचिव, सचिव दिपम, आर्थिक मामिला सचिव र मुख्य आर्थिक सल्लाहकार सहभागी हुनुहुन्थ्यो। वित्त वर्ष 2025-26 को लागि केन्द्रीय बजेट यस वर्ष 1 फरवरीमा संसदमा पेश हुने अपेक्षा गरिएको छ।

**वाहन: खुद्रा बिक्री**

सन् २०२४ मा सवारी साधनको वार्षिक बिक्री ९ प्रतिशतले बढेर २ करोड ६० लाख पुगेको छ । यसले वैश्विक  महामारी अघि २०१८ मा रेकर्ड गरिएको २ करोड ५४ लाख सवारीसाधनको वार्षिक बिक्रीको रेकर्डलाई पार गरेको छ । उद्योग विज्ञहरूका अनुसार यस वर्ष व्यावसायिक सवारी साधनको बिक्री धेरै हदसम्म पूर्वाधारमा सरकारी खर्चमाथि निर्भर रहनेछ।

### भारत म्यान्मार-सीमा तार

भारतले म्यानमारसँगको सीमामा नौ किलोमिटरभन्दा धेरै तारको बार लगाउने काम पूरा गरेको छ । तारको बारसँगै समानान्तर सडक निर्माणको काम जारी छ । मणिपुरको मोरेहमा तारको बार लगाउने काम पूरा भएको छ । गत वर्षको फरवरीमा सीमा सडक संगठनलाई २१ किलोमिटर तारको बार र सडक निर्माणको जिम्मा दिइएको गृह मन्त्रालयले प्रतिवेदनमा जनाएको छ ।

### लद्दाख-स्की र स्नोबोर्ड

लद्दाखमा, लद्दाख स्की एण्ड स्नो बोर्ड एसोसिएसनले कारगिलमा कृत्रिम हिउँ बनाउने मेसिन आविष्कार गरेको छ। यसले लद्दाखमा शीतकालीन पर्यटन र खेलकुदलाई बढावा दिनेछ। यो मेसिन श्री सादिक अली र उनको टीमले डिजाइन गरेको हो।

### खेल पुरस्कार

विश्व चेस च्याम्पियन डी गुकेश, पेरिस ओलम्पिकमा दोहोरो पदक विजेता मनु भाकर, भारतीय हकी टीमका कप्तान हरमनप्रीत सिंह र पेरिस पाराओलम्पिकमा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई मेजर ध्यानचन्द खेल रत्न पुरस्कारले सम्मानित गरिने भएको छ। आज राष्ट्रिय खेल पुरस्कारहरूको घोषणा भएको छ, जसमा ३२ जना खेलाडीलाई अर्जुन पुरस्कारले सम्मानित गरिने बताइएको छ। एथलेटिक्समा ज्योति याराजी र अन्नु रानी, बक्सिङमा नितु र स्वीटी, चेसमा वन्तिका अग्रवाल, हकीमा सलिमा टेटे, अभिषेक, सञ्जय, जर्मनप्रीत सिंह र सुखजीत सिंह सामेल छन् । यसरी नै पारा आर्चर राकेश कुमार, पारा एथलीट प्रीति पाल, सचिन सरजे राव खिलारी, धर्मवीर, प्रणव सूरमा र अन्य खेलाडी सामेल छन्। यसरी नै शूटिङमा स्वप्निल सुरेश कुसाले र सरबजोत सिंह, स्क्वैशमा अभय सिंह, स्वीमिङमा साजन प्रकाश र कुश्तीमा अमन सहरावतलाई पनि अर्जुन पुरस्कारले सम्मानित गरिनेछ। अनुभवी एथलीट सुचा सिंह र अनुभवी पारा स्वीमर मुरलीकान्त पेटकरलाई अर्जुन पुरस्कार लाइफटाइम द्वारा सम्मानित गरिनेछ।द्रोणाचार्य पुरस्कार पारा सुटिङ प्रशिक्षक सुभाष राणा, सुटिङ प्रशिक्षक दीपाली देशपाण्डे, अनि हकी प्रशिक्षक सन्दीप साङ्वानलाई प्रदान गरिनेछ। लाइफटाइम द्रोणाचार्य पुरस्कार ब्याडमिन्टन प्रशिक्षक एस मुरलीधरन र फुटबल प्रशिक्षक अर्मान्डो एग्नेलो कोलाकोलाई प्रदान गरिने भएको छ । फिजिकल एजुकेशन फाउन्डेशन अफ इन्डियालाई राष्ट्रिय खेल प्रोत्साहन पुरस्कार प्रदान गरिने भएको छ। चण्डीगढ विश्वविद्यालय, लभली प्रोफेशनल युनिभर्सिटी र गुरु नानक देव विश्वविद्यालय, अमृतसरले मौलाना अबुल कलाम आजाद ट्रफी पाउनेछन्। यस महिनाको १७ तारिक राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले खेलाडीहरूलाई सम्मानित गर्नुहुनेछ।

## हकी इन्डिया लीग

हकी इण्डिया लिगमा, सुर्मा हकी क्लबले अहिले केही बेरपछि राउरकेलाको बिरसा मुन्डा हकी स्टेडियममा युपी रुद्रसको सामना गर्नेछ। खेल अहिले ८ बजेर १५ मिनटमा सुरु हुने छ ।

## ISL फुटबल

इन्डियन सुपर लिग फुटबलमा अहिले  कोलकाताको साल्ट लेक स्टेडियममा मोहन बगान सुपर जायन्ट र हैदराबाद एफसीको खेल शुरु भएको छ।  अङ्क तालिकामा मोहन बागान २९ अंकसहित अग्रस्थानमा छ भने हैदरावाद  ८ अंक लिएर १२ औं स्थानमा छ।

## अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

PBST

- बितेको १० वर्षमा देशमा रोजगारी सिर्जनामा ३६ प्रतिशतको उल्लेखनीय वृद्धि
- भोलि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन साथै शिलान्यास गर्नु हुने
- बिहार र केरलमा नवनियुक्त राज्यपालहरूको शपथ ग्रहण
- डी गुकेश, मनु भाकर, हरमनप्रीत सिंह र प्रवीण कुमारलाई मेजर ध्यानचन्द खेल रत्न पुरस्कार, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले मोहन बगान र हैदराबादको भिडन्त हुँदै